# सहकार्यमा साईलेज बनाउने मेशिन जडान कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

*(कृषि तथा पशु पन्छी विकास मन्त्रालयको मिति २०७७/०६/११ को मन्त्रिस्तरीय निर्णयवाट स्वीकृत)*

## १.पृष्ठभूमि

नेपालको पशुपालन क्षेत्र व्यावसायिक हुदै आएको छ। विशेष गरी व्यावसायिक फार्महरु सीमित जमिन हुने र जग्गाको मूल्य अत्यन्त बढी हुने सहर, बजार वा प्रमुख सडक वरपर स्थापना भएका छन। स-साना क्षेत्रफलमा स्थापना भएका यस्ता फार्महरुमा वर्ष भरिनै गाई/भैंसीलाई खुवाउने आहाराको अभाव हुने गरेको छ। खेती गरिने वा प्राकृतिक रुपमा उत्पादन हुने घाँसको पनि हिउँद तथा सुख्खा मौसममा अभाव हुने गरेको छ ।

बर्षातमा बढी भएको हरियो घाँसलाई पोषिलोपन नघट्ने गरी साइलेजकोरुपमा संरक्षण गरेर सञ्चय गरी प्रयोग गरिएमा सहर बजार वरपरका गाई/भैंसी फार्महरुलाई आहारा आपूर्ति गर्न सहयोग पुग्ने र दूध उत्पादनमा रहेको मौसमी अन्तर पनि कम गर्न सकिने देखिन्छ। अतः दुग्ध उत्पादक सहकारी संस्थाहरुसँगको सहकार्यमा बर्षायाममा उत्पादन हुने हरियो घाँसलाई साइलेज बनाएर संरक्षण गरी सुख्खायाममा प्रयोग गर्ने प्रविधिको प्रवर्द्धन गराउन आयोजनाद्वारा प्रस्तावित सहकार्यमा साईलेज बनाउने मेशिन खरिद तथा जडान कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मन्त्रिस्तर) बाट यो सहकार्यमा साईलेज बनाउने मेशिन खरिद तथा जडान कार्यक्रम कार्य सञ्चालन प्रक्रिया स्वीकृत गरिएको छ ।

## २.उद्देश्य

प्रस्तुत सहकार्यमा साईलेज बनाउने मेशिन खरिद तथा वितरण कार्यक्रमका मुख्य उद्देश्यहरु देहाय बमोजिम छनः

क) बर्षातको समयमा बढी हुने घाँसलाई साइलेजकोरुपमा संरक्षण गरी उपयोग गर्ने ।

ख) अभाव हुने याममा पशु आहारा उपलब्ध गराई दूध उत्पादनमा रहेको मौसमी अन्तर कम गर्ने ।

ग) दूध उत्पादनको लागत घटाउने ।

घ) पशुबस्तुको उत्पादकत्व वृद्धि गर्ने ।

## ३. कार्यक्रम सञ्चालन हुने स्थान

यो कार्यक्रम नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना लागू भएका प्रदेश प्रदेश १, २, बागमती, गण्डकी र ५ का २८ जिल्लाहरु बाहेकका जिल्लाहरुमा सञ्चालन गरिने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४. कार्यक्रम कार्यान्वयन प्रक्रिया

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले यो कार्यक्रम दुग्ध उत्पादक सहकारी संस्थाहरु मार्फत निम्नानुसार सञ्चालन गर्ने छः

### ४.१ सहकार्यका शर्तहरु

क) यो कार्यक्रम दुग्ध उत्पादक सहकारी संस्थाहरुसँगको सहकार्यमा सञ्चालन गरिने छ ।

ख) प्रस्तुत कार्यक्रमको लागि आयोजनासँग सहकार्य गर्न इच्छुक सहकारीहरु सम्बन्धित निकायमा दर्ता भएको र दूध उत्पादन, संकलन तथा बिक्री गर्ने कार्यमा संलग्न भएको हुनु पर्नेछ ।

ग) प्रस्तुत कार्यक्रममा सहकार्य गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्था वा सहकारी संस्थाका सदस्यहरुले सामूहिक वा व्यक्तिगतरुपमा घाँस खेती गरिरहेको वा घाँस खेती गर्ने र साईलेज बनाउने कार्ययोजना बनाई संचालक समितिबाट पारित गरेको हुनु पर्नेछ ।

घ) आयोजनाबाट प्राप्त हुने साइलेज बनाउने मेशिन जडान गर्ने लगायतका अन्य खर्चहरु सहकारी संस्थाले व्यहोनु पर्ने छ ।

### ४.२ सहकारी संस्थाको छनौट

क) यस कार्यक्रम अन्तर्गत साइलेज बनाउने मेशिन प्राप्त गरी सञ्चालन गर्न चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट अनुसूची-३ अनुसारको ढाँचामा सहकार्यको प्रस्ताव आह्वान गरी आयोजना व्यवस्थापन कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले अनुसूची -१ बमोजिमको सूचना प्रकाशन गर्नेछन।

ख) साइलेज बनाउने मेशिनको माग गरी सूचना प्रकाशन भएपछि सहकार्य गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी आयोजना व्यवस्थापन कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा पेश गर्नुपर्ने छ।

ग) आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयका अनुसूची-२ अनुसारका मूल्याङ्कन समितिहरुले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी छनौट गर्न सिफारिस गनेछन।

घ) बुँदा ४.२. ग बमोजिमका समितिले अनुसूची -४ का मुल्यांकनका आधारमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्नेछन र आयोजना व्यवस्थापन कार्यालयमा आयोजना निर्देशक समक्ष र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्नेछन्।

ङ) एउटा दुग्ध उत्पादक सहकारी संस्थालाई आयोजना अवधिमा एउटा मात्र साईलेज मेशिन उपलब्ध गराईनेछ।

च) साइलेज मेशिन जडान् तथा सञ्चालन सम्बन्धी अन्य शर्तहरु सम्झौतामा उल्लेख गरे अनुसार हुनेछन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ५. अनुगमन तथा मूल्याङ्कन

क) विकेन्द्रीकृत आयोजना सहयोग इकाईले यस कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको नियमित अनुगमन गर्नुपर्नेछ।

ख) सम्वन्धित संघीय निकाय, सम्वन्धित प्रदेश मातहतको जिल्ला स्थित पशु सेवा हेर्ने कार्यालयहरुबाट अनुगमन गर्न सक्नेछन्।

ग) यसको साथै व्यवसाय सञ्चालन भइरहेका गाउँ तथा नगरपालिकाका प्रतिनिधि र पालिकास्तरीय पशु सेवा हेर्ने निकायले पनि सञ्चालन भइरहेको व्यवसायको नियमितरुपमा अनुगमन गर्न सक्नेछन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -१

## सहकार्यमा साईलेज बनाउने मेशिन खरिद तथा जडान कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव सम्बन्धी सूचना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, आयोजना व्यवस्थापन कार्यालय/विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय .......... को आ.व .... .... को स्वीकृत वार्षिक कार्यक्रममा साईलेज बनाउने मेशिन खरिद तथा जडान गर्ने लक्षय रहेकोले आयोजनाबाट उक्त साइलेज बनाउने मेशिन प्राप्त गरी सञ्चालन गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिन भित्र आयोजनाले निर्धारण गरेको ढाँचामा प्रस्ताव आह्वान गरिएको छ। साइलेज मेशिन वितरण सम्बन्धी अन्य जानकारी र शर्तहरु र प्रस्तावको ढाँचा आयोजना व्यवस्थापन कार्यालय/विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुममा सम्पर्क गरेर वा आयोजनाको वेब साइट www.nlsip.gov.np बाट समेत प्राप्त गर्न सकिने छ।

नेपाल लाइस्टक सेक्टर इनोभेसन आयोजना
आयोजना व्यवस्थापन कार्यालय, हरिहर भवन, ललितपुर
विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय, ......

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -२

**प्रस्ताव मूल्याङ्कन समिति**

सहकार्यमा साइलेज बनाउने मेशिन खरिद तथा जडान कार्यक्रम अन्तर्गत प्राप्त माग प्रस्तावहरु मूल्याङ्कन गर्ने मूल्याङ्कन समितिहरु निम्नानुसार हुनेछन ।

**क. आयोजना व्यवस्थापन कार्यालयमा**

कार्यालयमा सार्वजनिक खरिद ऐन बमोजिम गठन भएको मूल्याङ्कन समितिले देहायका विज्ञ प्रतिनिधिहरुलाई आमन्त्रण गरी प्राप्त माग प्रस्तावहरु मूल्याङ्कन गर्ने छ ।

१. अधिकृत प्रतिनिधि, लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला तथा पशु आहारा केन्द्र, हरिहरभवन

२. अधिकृत प्रतिनिधि, राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन

३. प्रतिनिधि, राष्ट्रिय दुग्ध उत्पादक सहकारी संघ

**ख. विकेन्द्रीकृत आयोजना सहयोग इकाई**

कार्यालयमा सार्वजनिक खरिद ऐन बमोजिम गठन भएको मूल्याङ्कन समितिले देहायका विज्ञ प्रतिनिधिहरुलाई आमन्त्रण गरी प्राप्त माग प्रस्तावहरु मूल्याङ्कन गर्ने छ ।

१. अधिकृत प्रतिनिधि, प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

२. पशु आहारा तथा चरन विज्ञ, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची-३

सहकार्य प्रस्तावको ढाँचा

<u>क. प्रस्तावक सहकारी संस्था विवरण</u>

१. दुग्ध उत्पादक सहकारी संस्थाको नामः

२. अध्यक्षको नामः

३. ठेगानाः

क. जिल्ला ...... .......                    ख. गाउँ/नगरपालिकाः ...... ...... ......

ग. वडा नं ...... ......                    घ. टोल/गाउँ ..... ...... ......

४. सहकारी स्थापना मितिः ....... ........

५. सहकारी दर्ता भएको संस्थाः ..... ........

६. सहकारी दर्ता नम्वरः ...... ....... .......

७. जम्मा सदस्य संख्याः ...... ...... .......

८. सहकारीमा दूध बिक्री गर्ने सदस्य संख्याः ...... ...... ......

९. दैनिक संकलन हुने दूध परिमाणः ..... ..... ...... ......

१०. सहकारीले दूधको कारोवार सुरु गरेको वर्षः

११. सहकारीबाट दूध खरिद गर्ने प्रमुख क्रेताः

१२. सहकारीको वार्षिक कारोवारः

१३. सहकारीको खातामा हाल बचत रकमः

१४. दूध खरिद बिक्री बाहेकका सहकारीका अन्य क्रियाकलापहरु भए प्रमुख क्रियाकलापहरु उल्लेख गर्नुहोस

ख. प्रस्ताव विवरण

१. सहकारीका कृषकहरुसँग हाल भएका गाईभैंसी संख्याः

| क्र.सं. | पशु | उन्नत | स्थानीय | जम्मा |
|---|---|---|---|---|
| १ | गाई | | | |
| २ | भैंसी | | | |
| जम्मा | | | | |

२. हाल लगाइने साइलेज बनाउन उपयोग हुने प्रमुख घाँसको विवरणः

| घाँसको प्रकार | घाँस खेती गर्ने कृषक संख्या | घाँस खेती हुने अन्दाजी क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. हाल पशु आहारा आपूर्तिका स्रोतहरु

| समय | उपलब्ध प्रमुख घाँसहरु | घाँस बाहेकका उपलब्ध पशु आहारा |
|---|---|---|
| गर्मी | | |
| बर्षात | | |
| हिउँद | | |
| वर्ष भरि | | |

४. दुग्ध उत्पादक कृषकले भोग्नु परेका पशु आहारा सम्बन्धी प्रमुख समस्याहरुः

क).

ख).

ग).

घ).

ङ).

५. साइलेज मेशिन उपलब्ध भएमा उक्त मेशिन प्रयोग गर्ने कार्य योजनाः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
...वार, काठमाडौं

# अनुसूची -४

सहकार्यमा साइलेज बनाउने मेशिन खरिद तथा जडान गर्ने सहकार्य प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मापदण्ड | अधिकतम अंक | प्राप्त अंक | अंक प्रदान गरेको आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहकार्य प्रस्ताव गर्ने दुग्ध सहकारी संस्थाका कूल सदस्य संख्या | १० | | | |
| २ | सहकार्य प्रस्ताव गर्ने सहकारीमा कूल गाई भैंसी संख्या र त्यसमा उन्नत गाईभैंसीको प्रतिशत | २० | | | |
| ३ | सहकारीमा दूध बिक्री गर्ने कृषक परिवार संख्या | १५ | | | |
| ४ | हाल बर्षे घाँस खेती गर्ने सहकारीका सदस्यहरुको संख्या | १० | | | |
| ५ | सहकारीका सदस्यहरुले हाल बर्षे घाँस खेती गरिरहेको कूल जमिनको क्षेत्रफल | १० | | | |
| ६ | हाल फार्ममा साइलेज प्रयोग गर्ने सहकारी सदस्यहरुको संख्या | १० | | | |
| ६ | सहकारी संस्थाको साइलेज मेशिन उपयोग गर्ने प्रस्तावित योजना | २५ | | | |
| | जम्मा | १०० | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५

## सम्झौता पत्रको नमूना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, आयोजना व्यवस्थापन कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई, ..... ...... (यसपछि पहिलो पक्ष भनिएको) र ..... ...... ...... (सहकार्य गर्ने संस्था, यसपछि दोस्रो पक्ष भनिएको) बीच तपशीलका शर्तहरुको अधिनमा रही आयोजनाको सहकार्यमा साइलेज बनाउने मेशिन खरिद तथा जडान कार्यक्रम अन्तर्गत वितरण गरिने साइलेज बनाउने मेशिन ..... ......(व्यवसाय सञ्चालन हुने ठाउँ) मा स्थापना गरी सञ्चालन गर्ने सम्बन्धमा यो सम्झौता सम्पन्न भयो।

सम्झौताका शर्तहरु

१. स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम पक्षले दोस्रो पक्षलाई साइलेज बनाउने मेशिन उपलब्ध गराउने छ।

२. प्रथम पक्षबाट उपलब्ध गराइको साइलेज बनाउने मेशिन उपयुक्त तरिकाले राखे, जडान गर्ने र सञ्चालन गर्ने जिम्मा दोस्रो पक्षको हुने छ।

३. साइलेज बनाउने मेशिन जडान वा सञ्चालन गर्ने क्रममा लाग्ने सम्पूर्ण खर्च दोस्रो पक्षबाट व्यहोरिने छ।

४.आयोजनामा पेश गरी स्वीकृत भएको साइलेज मेशिन सञ्चालन योजना दोस्रो पक्षले प्रस्तावित गरेको स्थान र प्रक्रियामा प्रथम पक्षसँग समन्वय गरी सम्पन्न गर्नेछ।

५. स्वीकृत सञ्चालन योजनामा प्रथम पक्षको स्वीकृति बिना कुनै फेरबदल गर्न पाइने छैन।

६. प्रथम पक्षले चाहेमा कुनै पनि समयमा योजना कार्यान्वयनको अनुगमन गर्न र सल्लाह दिन सक्ने छ।

७. पहिलो पक्षले मागेको ढाँचा र अन्तरालमा व्यवसाय योजना कार्यान्वयनको प्रगति प्रतिवेदन दिनु दोस्रो पक्षको जिम्मेवारी हुने छ।

८. साइलेज बनाउने प्रविधि र मेशिन प्रयोग सम्बन्धमा प्रथम पक्षले दोस्रो पक्षको क्षमता बढाउने क्रियाकलापहरु सञ्चालन गर्ने छ।

९. दोस्रो पक्षको योजना कार्यान्वयन प्रगति सन्तोषजनक नभएमा, स्वीकृत योजनामा प्रथम पक्षको सहमति बिना फेरबदल गरिएमा वा प्रदान गरेको साइलेज मेशिन प्रयोग गरेको नपाइएमा प्रथम पक्षले कुनै पनि बेला यो सम्झौता रद्द गरी उक्त मेशिन कुनै अर्को संस्थालाइ दिन सक्ने छ।

| **प्रथम पक्षबाट दस्तखत गर्नेको** | **दोस्रो पक्षबाट दस्तखत गर्नेको** |
|---|---|
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| कार्यालयको छाप | संस्थाको छाप |

**साक्षीको**

नाम

ठेगाना

दस्तखत